२०पुरि

**नगरसभाकासम्मानितसभा अध्यक्ष तथा नगर प्रमुख ज्यू**

**नगर सभाका सदस्य ज्यू**

नगर सरकारको बजेट तर्जुमा समितिको संयोजकको हैसियतले नगर सभाको यस बैठकमा आगामी आर्थिक बर्ष २०७८/७९ को बजेट यस विषम कोभिड-१९ को दोस्रो लहरको माहामारी विच प्रस्तुत गरिरहेको छु।

यस अवसरमा मुलुकलाई सङ्घीय लोकतन्त्र गणतन्त्रको युगमा ल्याउने क्रममा जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात महान शहीदहरू मधेश आन्दोलनका शहीदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

विश्व नै अहिले महामारीको प्रभावले कठीन अबस्थामा गुज्रिरहको छ। यस महामारीबाट ज्यान गुमाउने देश तथा विदेशका सम्पूर्ण नागरिकहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु तथा सङ्क्रमणबाट जुधिरहेकाहरू प्रति शीध्र स्वास्थ्य लाभको कामना इश्वरसँग गर्न चाहन्छु । यस माहामारी विरुद्ध आफ्नो ज्यानको पर्वाह नगरि अग्रपङ्क्तिमा रहेर सेवारत चिकित्सक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी सवारी चालक तथा राष्ट्रसेवक कमर्मचारीहरूमा हृदयदेखि आभार प्रकट गर्न चाहन्छु र यसैगरि बन्दाबन्दी (Lockdown) को पूर्वसमयदेखिनै नागरिकहरूसँग नजिक रहेर हर समय सेवा पुऱ्याउनु भएका जनप्रतिनिधीहरूमा समेत सम्मान प्रकट गर्न चाहन्छु। यसको परिमाण बजेट र कार्यक्रम लिएको लक्ष्य अनुरुप प्रगति हुन नसकेको अवगत गराउन चाहन्छु। यस नगरपालिकाको सीमित स्रोत साधनले आउने दिनमा अधिकत्तम सदुपयोग गर्नुपर्ने छ।कोभिड-१९ को प्रभावबाट श्रृजना हुने बेरोजगारीका समस्या, सुविधा सम्पन्न स्वास्थ्यसेवा, कृषिमा आधुनिकीकरण, विपन्नवर्गको आयआर्जनमा बृद्धि जस्ता महत्वपूर्ण क्षेत्रलाइ समेटदै प्राप्त स्रोत साधनलाई अधिकत्तम प्रतिफल दिने योजना तथा कार्यक्रमहरूमा विनियोजन गर्ने प्रयास गरेको छु। यसले सबै पक्षहरूको चाहनालाई समेटने प्रयास गरिएको छ।

अब आगामी आर्थिक वर्ष २०७८/७९ को बजेटको उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**उपस्थित महानुभावहरू,**

- कोभिड-१९ माहामारी रोकथाम, नियन्त्रण तथा सुरक्षा सम्बन्धी विषयहरू।
- आर्थिक तथा सामाजिक विकासका माध्यमबाट गरिबी निवारणमा प्रत्यक्ष योगदान दिने विषयहरू,
- कृषि तथा पशुजन्य उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने विषयहरू,
- युवा रोजगारी जनताको जीवनस्तर, आम्दानीमा बढावा हुने विषयहरू,
- स्थानीय श्रोत साधन र सीपको अधिकतम प्रयोग हुने विषयहरू,
- महिला बालबालिका तथा लक्षित समुदायलाई प्रत्यक्ष लाभ पुग्ने विषयहरू,
- लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई टेवा पुग्ने विषयहरू,
- दिगो विकास वातावरणीय संरक्षण तथा सम्वर्द्धन गर्न सघाउ पुर्याउने विषयहरू,
- स्वास्थ्य सेवालाई अझ प्रभावकारी बनाउनेविषयहरू,

अब म यस सभा समक्ष आगामी आर्थिक वर्ष २०७८/०७९ का लागि प्रस्तावित आय व्ययको विवरण निम्नानुसार प्रस्तुत गर्न अनुमति चाहन्छु।

यस नगर सभा अध्यक्ष तथा प्रमुख ज्यूबाट प्रस्तुत नीति तथा कार्यक्रमहरूलाई कार्यरुप दिन तथा नगरवासीको माग बमोजिमका योजना/कार्यक्रमहरूका लागि सङ्घीय सरकारबाट प्राप्त बजेट, प्रदेश सरकारबाट प्राप्त बजेट, आन्तरिक आम्दानी र दातृ निकाय एवं सङ्घ संस्थाबाट उपलब्ध भएको स्रोत अनुमान विवरणका आधारमा आ.व. २०७८/०७९ को कुल बजेट ९८ करोड ६८ लाखमध्ये आन्तरिक आयतर्फ१ करोड ५१ लाखसंघीय राजस्व बाँडफाँड १० करोड १४ लाख तथा वित्तिय समानीकरण अनुदान तर्फ १९ करोड ३४ लाख ,विषयगत शर्शत अनुदान २६ करोड ४५ लाख , संघीय पुँजिगत अनुदान ११ करोड ७४ लाख ५५ हजार ,सडक बोर्ड, युनिसेफ, प्रदेश लगायत अन्य निकायबाट प्राप्त अनुदान तथा मौज्दात समेत गरी२९ करोड ५४ लाख कुल आय अनुमान गरि आगामी आर्थिक वर्षको लागि निम्नानुसारको खर्च प्रस्ताव गरिएको छ। जसमा, न पा चालु तर्फ (आन्तरिक स्रोत,राजस्व बाँडफाँड, सङ्घीय राजस्व बाँडफाँड, प्रदेश वित्तीय समानीकरणको प्रशासनिक,सेवा निवृत सुविधा समेत गरि१५ करोड १ लाख ५० हजार रहेको छ।

संघीय कुल चालु तर्फ विषयगत (उर्जा,पशु, कृषि,स्वास्थ्य, शिक्षा) को शर्शत अनुदान २६ करोड ४५ लाख रहेको छ ।

अन्य निकायको चालु तर्फ रु 10 करोड ९५ लाख रहेको छ ।

कुल अनुमानित चालु खर्च रु ५२ करोड ४१लाख ५० हजार रहेको छ ।

कुल पुँजिगत ४६ करोड २६लाख५० हजार मध्ये वडा स्तरीय योजना रु ९ करोड ७६ लाख समेत रहेको छ ।

अब म कुल बजेटको सङ्क्षिप्त बिवरण पेश गर्न चाहन्छु ।

| सि.न. | कार्यक्रमको विवरण | आ.व.२०७८/७९प्रस्तावित विस्तृत आय |
|---|---|---|
| क | गतबर्षको मौज्दात,आन्तरिक,वित्तीय समानीकरण सङ्घीय तथा प्रदेश र राजस्व बाँडफाँडसङ्घीय अनुदान समेतको चालु तर्फ | |
| १ | चालु तर्फ (तलब,भत्ता,कर्मचारी कल्याण कोष, कार्यालय सञ्चालन लगायत अन्य प्रशासनिक चालु तर्फ) | **१५ करोड १लाख ५० हजार** |
| ख | विषयगत शशर्त चालु अनुदान | |
| १ | शिक्षा तर्फ | **१७ करोड ९४ लाख५० हजार** |
| २ | स्वास्थ्य तर्फ | **४ करोड ९६ लाख ६६ हजार** |
| ३ | पशुपंक्षीतर्फ | **४ लाख** |
| ४ | कृषि तर्फ | **६७ लाख** |
| ५ | उर्जा तर्फ | **८ लाख** |
| ६ | रोजगार प्रवर्द्धन तर्फ | **६६ लाख** |
| ७ | प्रधानमन्त्री रोजगार तलब भत्ता र कार्यक्रम तर्फ | **७८ लाख** |
| ८ | पञ्जीकरण | **२२ लाख** |
| ९ | लघु उधम विकास कार्यक्रम तर्फ | **३४ लाख** |
| १० | संस्कृति प्रवर्द्धन तर्फ | **२६लाख** |
| ११ | पर्यटन पूर्वाधार तर्फ | **९ लाख** |
| १२ | गरीब विशेष कार्यक्रम तर्फ | **१ लाख** |
| १३ | सामाजिक विकास तर्फ | **२७ लाख** |
| १४ | सङ्घीय अन्य अनुदान | **११ लाख ८४ हजार** |
| | सङ्घीय शसर्त कुल चालु अनुदान जम्मा | २६ करोड ४५ लाख |
| | सङ्घीय पूँजीगत अनुदान तर्फ | |
| १५ | राजविराज पोलिटेक्निक इन्स्टिच्युटका लागि कलेज भवन निर्माण | **२ करोड ७४ लाख** |

| | | |
|---|---|---|
| | (सङ्घीय विशेषतर्फ) | |
| १६ | एकीकृत फोहोर मैला व्यवस्थापन तथा फोहोर प्रसोधन केन्द्र निर्माण (सङ्घीय विशेष तर्फ) | १ करोड ९५ लाख |
| १७ | शहरी शासकीय विकास कार्यक्रम तर्फ | ५ लाख ५५ हजार |
| १८ | सङ्घीय शसर्त पुँजिगत तर्फ | ७ करोड |
| | सङ्घीय पूँजीगत अनुदान जम्मा | ११ करोड ७४ लाख५५ हजार |
| | बिषयगत शशर्त चालु अनुदान समपुरक समेत जम्मा | |
| ग | प्रदेश तर्फको अनुदान | |
| १ | प्रदेश शसर्त पूँजीगत | ८० लाख |
| २ | प्रदेश समपूरक तर्फ | २० लाख |
| ३ | प्रदेश विशेष तर्फ | ३० लाख |
| ४ | प्रदेश तथा स्थानीय क्षमता विकास(IT) | ५ लाख |
| | प्रदेश तर्फ अनुदान जम्मा | १ करोड ३५ लाख |
| घ | राजविराज ना.पा.कोविषगत शाखा तर्फ(निशर्त) | |
| १ | शिक्षातर्फ | ३० लाख |
| २ | स्वास्थ्यतर्फ | ५० लाख |
| ३ | पशुपंक्षीतर्फ | २५ लाख |
| ४ | कृषि तर्फ | ४५ लाख |
| | जम्मा | १ करोड ५०लाख |
| | आर्थिक तथा सामाजिक विकासतर्फ | |
| १ | महिला लक्षित तर्फ | १२ लाख |
| २ | विपन्न वर्गको बालबालिका तर्फ | ७ लाख |
| ३ | अन्य जातजाती एवं लक्षित वर्ग | २० लाख |
| ४ | लक्षित समूहका लागि लोकसेवा कक्षा संचालन | ६ लाख |
| ५ | ग.ना.सिंह स.अ.अस्पताल अनुदान | २५ लाख |
| ६ | निर्मित सार्वजनिक सम्पति सम्भार एवं मर्मततर्फ | २८ लाख |
| ७ | फर्निचर तथा फिक्चर्स | ३० लाख |
| ८ | सवारी साधन खरिद | ३५ लाख |
| ९ | मेसिनरी औजार तथा अन्य उपकरण | २५ लाख |
| १० | खानेपानी सामान तर्फ | १० लाख |
| ११ | सडक बत्ती सामान तर्फ | ५० लाख |
| १२ | सरसफाईसामान तर्फ | १० लाख |

| | | |
|---|---|---|
| १३ | प्रकोप तथा विपद न्यूनिकरण/नियन्त्रण व्यवस्थापन तर्फ | ३० लाख |
| १४ | क्रमागत सामुदायिक भवन | ३० लाख |
| १४ | परामर्स तर्फ | २० लाख |
| १५ | म्याचिङ्ग फन्ड (सम्पुरक कोष) | १ करोड ५० लाख |
| १६ | बडा भवन निर्माण | १ करोड |
| १७ | प्राविधिकशिक्षालय सञ्चालन तर्फ | १० लाख |
| १८ | अन्य साना भौतिक पूर्वाधार निर्माण तथा मर्मत सम्भार तर्फ | ३० लाख |
| १९ | **गत वर्षको वडास्तरीययोजनाको भुक्तानी गर्न बाँकी** | २ करोड |
| २० | वडा योजना तर्फ | ९करोड७६ लाख |
| २१ | नगरस्तरीय योजना जम्मा | ७ करोड ३०लाख |
| ङ | अन्य निकाय, मन्त्रालयपूँजीगत तर्फ | |
| १ | सडक बोर्ड (सडक मर्मत शा.नि.सु.)तर्फ | ४५ लाख |
| २ | गत वर्षको (सडक मर्मत शा.नि.सु.)तर्फ | ७३ लाख ५० हजार |
| ३ | सहकारी कोल्ड स्टोर निर्माण तर्फ | ५ करोड |
| ४ | इन्जिनियरिङ्ग कलेज | ३ करोड |
| ५ | नर्सिङ्ग कलेज | १करोड |
| ६ | संस्कृति तथा पर्यटन तर्फ | ७ करोड |
| च | बैदेशिकस्रोत तथा युनिसेफ कार्यक्रम खर्च तर्फ | १५ लाख |
| | कुल चालु | ५२करोड४१ लाख ५० हजार |
| | कुल पूँजीगत जम्मा | ४६करोड २६ लाख ५० हजार |
| | कुल जम्मा बजेट | ९८करोड ६८ लाख |

उपस्थित महानुभावहरू यस सङ्कटका घडीलाई मनन गर्दै योजना तथा कार्यक्रम तय गर्दा कोभिड-१९ बाट हुन सक्ने प्रभावहरूलाई केन्द्रमा राखि सबै क्षेत्रलाई समेटने प्रयास गरिएकोछ । यसबाट सबै क्षेत्रको सन्तुलित विकासमा टेवा पुग्न जाने विश्वास लिएको छु । योजना तर्जुमा गर्नु मात्र महत्वर्पूण विषय होइन यसको लक्ष्य एवं उद्देश्यहरू प्राप्तिका लागि प्रभावकारी कार्यान्वयन अनुगमन एवं मुल्याङ्कन हुन जरुरी हुन्छ । त्यसका साथै आवश्यक क्षमता विकास, संस्थागत नीतिगतसुधारका कार्यहरू समेत आवश्यक पर्न जान्छन् । यसका लागि आवश्यकता अनुसार सरकारी गैर सरकारी, नागरिक समाज, सञ्चारकर्मी, उपभोक्ता, नगरवासीको समेत संयुक्त सहभागितामा सम्पादित कामको गुणस्तरको सुनिश्चितता, पारदर्शिता एवं उत्तरदायित्व बहनमा थप टेवा पुग्ने विश्वास लिएका छौं ।

अन्त्यमा,

प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण नगरवासी,वडा नागरिक मञ्च,वडासदस्यहरू, महिला सदस्यहरू, दलित महिला सदस्यहरू, वडाअध्यक्ष ज्यूहरूलाई धन्यवाद दिन चाहन्छु । यस नगरसभा वाट प्रस्तुत नगरविकास योजनालाई सफल र प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि सम्वद्ध सबै पक्षबाट सहयोगको अपेक्षा गर्दछु ।

प्रस्तुतबजेटतर्जुमागर्दा सहयोग गर्नुहुने नगर प्रमुख ज्यू, वडा अध्यक्षज्यू, राजश्व परामर्श समिति, बजेट तर्जुमा समिति,विषयगत समिति, महिला, बालबालिका, गैर सरकारी संस्था विषयगत शाखा लगायत सम्पूर्ण कर्मचारीहरूलाई सुझावका लागि म आभारी छु । यसै गरि समयमा सहयोग तथा अनुदान दिनु हुने सङ्घीय सरकार र प्रदेश सरकार प्रति आभार प्रकट गर्न चाहन्छु । यस नगरको सार्थक सामानान्तर विकासमा समानान्तर सहयोग पुऱ्याउने सबै कर दाता र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नियोग तथा संस्था साझेदारहरू प्रति समेत आभार प्रकट गर्न चाहन्छु।

(साधना झा)
नगर उप-प्रमुख
संयोजक
बजेट तथा कार्यक्रम तर्जुमा समिति